# उन्नाइसौं नगरसभाको बैठकमा नगर उपप्रमुख श्री राजेश बानियाँद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को हेटौंडा उपमहानगरपालिकाको जेष्ठ मसान्तसम्मको प्रगति समीक्षा र आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

संवत् २०८३ साल असार ९ गते मंगलबार

**नगरसभाका अध्यक्ष एवम् सदस्यज्यूहरू**

१. गरिमामय यस सभामा हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दछु ।

२. लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि समयसमयमा भएका राजनैतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. उपलब्ध श्रोत र साधनको समुचित प्रयोगद्वारा आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका चुनौती संबोधन गर्दै नगरवासीमा आत्मविश्वास र आशा जगाउने दस्ताबेजका रुपमा यो बजेटलाई प्रस्तुत गर्दछु ।

४. गत भाद्र २३ र २४ गते नवयुवा पुस्ताले मुलुकभित्र गरेको जेन्जी आन्दोलनको मर्म भावना अनुरुप शहरी सुशासन प्रत्याभूति दिलाउन र युवा पुस्तालाई भविष्यप्रतिको निराशालाई न्यून गर्दै भरोशा जगाउन यस बजेटबाट केही हदसम्म योगदान पुग्नेछ ।

५. विकासप्रतिको नगरबासीको आधारभूत हक तथा संविधान प्रदत्त अधिकारप्रति सचेत रहँदै **"स्वच्छ, उत्पादनशील, समृद्ध शहर हेटौंडा"** भन्ने सोचका साथ आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउन यस बजेट केन्द्रित रहने छ।

६. बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजना, दिगो विकासको लक्ष्य, चालु आर्थिक वर्षको समीक्षा, यसै बर्ष सम्पन्न भएको समृद्ध हेटौंडा वहस र महिलामैत्री वहसमा उठेका सवाल, नगरसभामा पेस गरेको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतालाई प्रमुख आधार बनाएको छु । त्यसैगरी विषयगत समिति, सभाका सदस्य, राजनैतिक दल, संघसंस्था, निजी क्षेत्र तथा विकास साझेदार एवम् सञ्चार क्षेत्रलगायत नगरवासीबाट प्राप्त सल्लाह सुझावलाई समेत प्राथमिकतामा राखेको छु ।

**नगरसभा अध्यक्षज्यू,**

अब म आर्थिक वर्ष २०८२/८३ को प्रमुख उपलब्धि सहितको समीक्षा गरिमामय सभासमक्ष प्रस्तुत गर्दछु।

<u>पूर्वाधार निर्माणतर्फ</u>

१. हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षमा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नगरस्तरीय योजना २६४ वटा र वडास्तरीय ३९० वटा गरी कूल ६५४ वटा योजना संचालन गरिएकोमा हालसम्म १२५ वटा सम्पन्न भएका छन् भने ५२९ वटा योजना चालु अवस्थामा रहेका छन् ।

२. वडा कार्यालयहरुको प्रशासनिक भवन क्रमशः निर्माण गर्दै जाने नीति अनुरुप चालु आर्थिक वर्षमा वडा नं. ५ को वडा कार्यालय भवन सम्पन्न भई सोही भवनबाट सेवा सुचारु गरिएको छ । वडा नं.६ को नयां भवन निर्माण कार्य र वडा नं.१५ को वडा कार्यालय भवनको स्तरोन्नति कार्य भईरहेको छ ।यसै गरी स्वास्थ संस्थाहरुको भवन स्तरन्नोति गर्दै जाने नीति अनुरुप वडा नं ९ को लामसुरे शहरी स्वास्थ केन्द्र, वडा नं.११ को नवलपुर आधारभुत शहरी स्वास्थ केन्द्र , वडा नं १२ हात्तीगौडा शहरी स्वास्थ केन्द्र र वडा नं.१४ को मयुरधाप आधारभुत स्वास्थ केन्द्र भवन

स्तरोन्नति कार्य सम्पन्न भएको छ।मिनि घण्टा घर, तामाङ्ग संग्रालयको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

३. संघीय सरकारवाट हस्तान्तरित समपुरक अनुदान कार्यक्रमवाट वडा नं.१३ को पदमपोखरी मुख्य सडक स्तरीकरण कार्य संचालन भईरहेको छ ।संघीय विशेष अनुदान कार्यक्रमतर्फ वडा नं.४ को श्रमिक मा.वि.भवन निर्माण कार्य र वडा नं.९ मा रहेको मानव सेवा आश्रमको थप पूर्वाधार कार्य सम्पन्न हुने क्रममा रहेको छ । स्थानीय पूर्वाधार विकास विभागवाट हस्तान्तरण भई आएको वडा नं.२ को टासी हिसे गुम्वा र वडा नं.११मा रहेको झ्यांगछुप छयोलिङ्ग गुम्वाको स्तरीकरण कार्य अन्तिम चरणमा रहेको छ । नगर विकास कोष (TOWN DEVELOPMENT FUND) संगको साझेदारीमा संचालित वडा नं १० को एकिकृत वस टर्मिनल भवन आयोजनाको निर्माण कार्य अन्तिम चरणमा छ।सडक वोर्ड नेपालको साझेदारीमा वडा नं ४ को अजर अमर, मित्र नगर, भुवनेश्वर पथ सडक मर्मत गर्ने कार्य अघि वढाइएको छ ।

४. यसै गरी यस उपमहानगरपालिका र वागमती प्रदेश भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको लागत साझेदारीमा प्रादेशिक तरकारी तथा फलफुल थोक वजार निर्माण सम्पन्न भई हस्तान्तरण सम्पन्न भएको छ ।

५. महिलामैत्री शहर आयोजना अन्तर्गत उपमहानगरपालिका र UNOPS विच सम्झौता भई वडा नं.८ कमानेमा पार्क निर्माणको लागि ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढाइएको छ ।कूल लागत ४ करोड ६१ लाख ५० हजार रुपैया रहेको वडा नं ११ स्थित सिमलटार खानेपानी आयोजना सञ्चालनको लागि उपमहानगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन १ नं हेटौंडा र हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड बीच सम्झौता भई निर्माण सम्पन्न भएको छ ।

६. भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखावाट भवन निर्माणको लागि चालु आर्थिक बर्षको ज्येष्ठ मसान्तसम्ममा ३६८ वटा नक्सा पास सम्वन्धी निवेदनहरु मध्ये गत विगत वर्षको समेत गरी ३८७ वटा भवनको भवन निर्माण इजाजत सम्बन्धी कार्य सम्पन्न भएको छ ।

**अब म सामाजिक विकासतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेस गर्ने अनुमति चाहन्छु।**

**<u>सामाजिक विकासतर्फ</u>**

**<u>शिक्षातर्फ</u>**

७. विद्यालयमा रिक्त हुने दरबन्दी, राहत र शिक्षण अनुदान कोटामा शिक्षक नियुक्तिलाई छिटो, छरितो र व्यवस्थित गर्न शिक्षक बैकको व्यवस्थालाई निरन्तरता दिइएको छ । संस्थागत विद्यालयबाट कानुन वमोजिम वितरण हुने छात्रवृत्तिलाई व्यवस्थित र पारदर्शी गरिएको छ । गरिव तथा विपन्न ९९ जना विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन सहयोगका लागि छात्रवृत्ति उपलब्ध गराइएको छ । संस्थागत विद्यालयहरुबाट वितरण हुने छात्रवृत्तिलाई पारदर्शी र व्यवस्थित गरिएको छ।

८. स्थानीय पाठ्यक्रम हाम्रो हेटौडाको सिकाइ सहजीकरण सामग्री छपाई गरी विद्यालयहरुमा वितरण गरिएको छ । सामुदायिक विद्यालयहरुको आर्थिक बर्ष २०८१।८२ को लेखा श्रेस्ताको परीक्षण गराइएको छ । सस्थागत विद्यालयहरुको अनुगमन र नियमनलाई प्रभावकारी बनाइएको छ ।सामुदायिक विद्यालयमा हुने

सबै प्रकारको निकासालाई IEMIS प्रणाली मार्फत व्यवस्थित गरिएको छ ।सम्बन्धित तहको स्थायी शिक्षक दरबन्दी भएका विद्यालयहरुमा शिक्षा नियमावली २०५९ ले तोकेको प्रकृया पूरा गरी प्रधानाध्यापक नियुक्त गरिएको छ ।

९. गत भाद्र १४ देखि १९ गते स्काउटहरुको व्यक्तित्व र नेतृत्व क्षमताको विकास गर्न श्री महेन्द्र मावि हेटौडा १३ मा स्काउट आरोमा एण्ड फेस्टिवल क्याम्प कार्यक्रम सम्पन्न गरिएको छ । संघीय सरकार, प्रदेश सरकार, उपमहानगरपालिकाको आफ्नै स्रोतबाट शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिएको छ ।नगरका ६ वटा माध्यमिक बिद्यालयमा विद्यार्थीलाई कामको संसार चिनाउने (Skill to Work transition) कार्यक्रम सम्पन्न गरिएको छ ।

१०.कानुन संकायमा स्नातक कार्यक्रम सञ्चालनका लागि सिद्धार्थ ल कलेज र कृषि संकायमा स्नातक कार्यक्रम सञ्चालनका लागि श्री हेटौडा जनप्रिय क्याम्पससंग सम्झौता गरी सञ्चालन अनुदान रकम निकासा गरिएको छ । सामुदायिक विद्यालयहरुको बाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीको दिवाखाजाको व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिएको छ।

११.किशोरीहरुको विविध क्षमता अभिवृद्धि गर्न माध्यमिक विद्यालयहरुका १०० जना किशोरीहरुलाई तीन दिवसीय आत्मरक्षा तालिम कार्यक्रम आयोजना गरिएको छ । सबै सामुदायिक विद्यालयको जग्गाको विवरण माग गरी अभिलेख व्यवस्थित गरिएको छ । संस्थागत विद्यालयमा प्दान गरिने छात्रवृत्तीलाई व्यवस्थित गर्न शैक्षिक बर्ष २०८०, २०८१ र २०८२ सालमा दिएको छात्रवृत्ति सम्बन्धी विवरण माग अभिलेख राखिएको छ ।

१२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट तोकिएको मापदण्ड वमोजिम प्राविधिक शिक्षाको कक्षा सञ्चालन गरेका प्राविधिक विद्यालयहरु श्री जनप्रिय मावि हेटौडा १६ र श्री जनजागृति मावि हेटौडा १५ संग अनुदान सम्झौता गरिएको छ ।

१३.आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयसंगको सहकार्यमा विद्यालय स्तरीय /(राष्ट्रपति रनिङशिल्ड) वृहत खेलकुद प्रतियोगिता २०८२ फागुन ८,९ र १० गते सञ्चालन गरिएको छ ।खेलकुदको विकासका लागि विविधि खेलकुद प्रतियोगिता आयोजना गरिएको छ ।

१४.सामुदायिक विद्यालयहरुको शैक्षिक तथ्याङ्क अध्यावधिक गर्न इमिस सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारीको क्षमता विकास गर्न ३ चरणमा २।२ दिने कार्यशाला आयोजना गरिएको छ ।

१५. ENSSURE परियोजना अन्तर्गत पेशागत विल्डिङ इलेक्ट्रिसियन विधामा अध्ययनरत ४० जना र पेशागत मेकानिकल विधामा अध्ययनरत २० जना विद्यार्थीहरुलाई उक्त विधामा ख्यतिप्राप्त/ स्थापित पेशकर्मीहरुसंग अन्तरकृया गरिएको छ । विभिन्न विद्यालयका विद्यार्थीहरुलाई सामुहिक रुपमा सहभागी गराई शिक्षा विकास महाशाखा अन्तर्गत स्थापित करियर ल्यावमा वृत्तिमार्ग निर्देशन सम्बन्धी सेवा उपलब्ध गराइएको छ ।नगरका ११ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा वृत्तिमार्ग निर्देश सेवा सञ्चालन गरिएको छ ।

१६. नमुना विद्यालयको अवधारणा अनुरुप श्री आधुनिक राष्ट्रिय मावि हेटौडा ४ र श्री जनप्रिय मावि हेटौडा १६ लाई गुरुयोजना अनुसार विकास कार्यक्रम कार्यान्वयनका लागि अनुदान सम्झौता गरिएको छ ।श्री ज्ञानदा मावि हेटौडा १०, श्री त्रिभुवन मावि हेटौडा ११, श्री लक्ष्मी आवि हेटौडा १७ र श्री जनज्योति मावि हेटौडा १४ प्रत्येकलाई रु १० लाख रकम बराबरको ICT कार्यक्रम सञ्चालन गरिएको छ ।

१७. कम विद्यार्थी संख्या भएको विद्यालयलाई नजिकको ठूलो विद्यालयमा समायोजन गर्ने नीति अनुरुप चालु आर्थिक बर्षमा श्री दिव्यज्योति आधारभुत विद्यालय हेटौडा ९ लाई प्रगति मावि हेटौडा ९ मा समायोजन गरिएको छ।श्री ज्योति मावि हेटौडा १८ लाई वागमती प्रदेश सरकारसंगको सहकार्यमा विद्यालय बस उपलब्ध गराइएको छ।

**स्वास्थ्यतर्फ**

१८. स्वास्थ्य सेवाको रिपोर्टिंग सिस्टमलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुको सेवाग्राहीको तथ्याङ्क अभिलेख व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप eHMIS, DHIS2, PAMS V2 लगायत डिजिटल सेवा सम्पूर्ण २२ स्वास्थ्य संस्थाबाट संचालन गरिएको छ।

१९. उपमहानगरपालिकामा सञ्चालित सम्पूर्ण स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी परिचालन गरि PNC जाँच तथा पोषण कोशेली वितरणमा थप प्रभाकारी बनाउन पालिकाको लोगो भएको झोला सहित आमाहरुलाई सुबिधा उपलब्ध गरिएको छ। चालु आ.ब. को यस अवधिसम्ममा ७७७ जना लाभान्वित भएका छन् ।

२०. हेटौंडा अस्पतालबाट निशुल्क डायलाइसिस सेवा प्रदानका लागि सहकार्य स्वरुप ३ जना स्वास्थ्यकर्मीको तलव भत्ता उपलब्ध गरिएको छ । साथै नेपाल रेडक्रस सोसाइटीवाट सञ्चालित ब्लड बैंकमार्फत निशुल्क रक्त सेवाबाट ४९५ जनालाई सेवा प्रदान गरिएको छ ।

२१. पालिकाका सवै संस्थाहरु मार्फत महिलाको पाठेघर मुखको क्यान्सर जाँच तथा Breast Cancer Screening, सेवा संचालन गरिएको छ।

२२. चालु आ.ब.को जेष्ठ मसान्त सम्ममा नगरका २४३ जना कडा रोगका विरामीलाई कडा रोग विपन्न सिफारिस साथै उक्त २४३ जनाको थप एक लाख स्वास्थ्य विमा सिफारिस गरिएको छ। कडा रोग उपचार खर्च पाउने गरिव परिवार परिचय पत्र भएका मध्ये ८ जनालाई मासिक रु ५०००।–उपचार खर्च भुक्तानी गरिएको छ।

२३. डेगुंरोग रोगको प्रकोप नियन्त्रणका लागि पालिकावाट सरोकारवाला, स्वास्थ्य निङर्देशानलय, स्वास्थ्य कार्यलय, सुरक्षा, सघं सस्था लगायतका सम्युक्त सहहागितामा डेगुंरोग रोगको लार्भा खोज र नष्ट अभियान सम्पन्न गरिएको छ।

२४. वडा नं. ४,१० र ३ को भवन तथा कार्यलय समाग्री आन्दोलनमा नष्ट भएकोमा सरसफाई गरी स्वास्थ्य सेवा सुचारु भएको र ४ न.को भवन अधिक क्षती भएकोले सो को स्टमेट गरी मर्मत प्रकृयामा छ ।

२५. हेटौडामा रहेका २६ खानेपानी उपभोक्ता समितिलाई हैजा सम्वन्धि अभिमुखिकरण तथा हेटौडा पालिकाले जाचेको खानेपानीको नमुनामा सकास्पद भई प्रदेश प्रयोगशाला पठाईएकोमा हैजा जस्तै देखिने किटाणु देखिएकोमा सो सम्वन्धि जानाकार तथा वितरण गरिने खानेपानीमा क्लोरिनेशन गरेर वितरण गर्न गराउन सम्वन्धि अभिमुखिकरण सन्चालन गरिएको छ।

२६. हेटौडामा रहेका होटल व्यवसायीहरुलाई खाद्य स्वच्छता सम्वन्धी तालिम, महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पोषण युक्त खाद्यन्न, मानसिक स्वास्थ्य तथा आत्महत्या न्युनिकरण, नसर्ने रोग, समुदायहरुलाई धुम्रपान तथा सुर्तीजन्य अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको छ।

२७. हेटौडाका सम्पूर्ण कक्षा ६ तथा विद्यालय नजाने १० वर्षका किशोरीलाई पाठेघरको मुखको क्यान्सर (HPV) विरुद्द खोप कार्यक्रम सन्चालन गरिएको छ।

२८. स्थानिय तहले समुदाय स्तर वाट महामारी र संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणमा समुदायमा आधारित रोग निगरानी (SORMAS)मार्फत रियल टाइम डिजिटल रेकर्डिङ्ग रिपोर्टिङ्ग कार्यक्रम पालिका तथा सम्पुर्ण वडा स्तरका स्वास्थ्थ सस्थाको User Id बनाएर शुरु गरिएकोछ।

२९. राष्ट्रिय भिटामिन ए कार्यक्रम, गाउँघर क्लिनिक, मासिक खोप क्लिनिक, महिला स्वास्थ्य स्वयं-सेविका, स्वास्थ्य सस्थाहरु मार्फत दैनिक स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

३०. चालु आ.व.मा समेत विगतका वर्ष जस्तै हेटौडाका सम्पूर्ण वार्डलाई पूर्ण खोप दिगोपना सुनिश्चितता तथा पालिका घोषणाको लागि २०८२ पौष देखी २०८३ वैशाख सम्म खोज र खोपको सवै चरण पुरा गरि घोषणाको तयारीमा छ।

<u>महिला तथा बालबालिका विकासतर्फ</u>

**अव म महिला तथा वालवालिका विकास महाशाखाबाट सम्पादन भएका कामको प्रगति समीक्षा पेश गर्दछु ।**

३१. आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत जम्मा ३४ जना बालबालिकाहरुलाई मासिक रु. २,०००।— (दुई हजार) बैंक खाता मार्फत उपलब्ध गराई पठनपाठनमा सहयोग गरिएको छ।

३२. बालभेला आयोजना गरी योजना तर्जुमा, प्राथमिकीकरण, अभिमुखीकरण, किशोरकिशोरी कार्यक्रम, बाल सञ्जाल/समूहका बालबालिकालाई अवलोकन भ्रमण, साइबर अपराध, बालविवाह, बालयौन दूर्व्यवहार, मानव बेचबिखन विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ।

३३.बालगृहको नियमित बैठक तथा अनुगमनबाट पारिवारिक पुनर्मिलन गर्न सम्भव भएका बालबालिकाको आफन्त खोजी गरी पुनर्मिलन साथै बालगृह व्यवस्थित र नियमित बनाउने कार्यमा सहजीकरण गरिएको छ।

३४. ज्येष्ठ नागरिकका अनुभव आदानप्रदान, छलफल तथा मनोरञ्जनका लागि वडा नं. ९ मा ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालनको लागि सामग्री हस्तान्तरण गर्नुका साथै बालबालिकालाई नैतिकवान, आचारणयुक्त बनाई ज्येष्ठ नागरिक प्रतिको सम्मान अभिवृद्धि गर्नका लागि वडा नं. ५,६,११,१५,१६ र १८ मा ज्येष्ठ नागरिक र बालबालिकाबीच अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन गरिएको छ ।

३५. विभिन्न संस्थाहरूको सहकार्यमा महिला हिंसा विरुद्ध १६ दिने अभियान, ज्येष्ठ नागरिक दिवस, अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, बाल दिवस, राष्ट्रिय महिला अधिकार दिवस लगायतका दिवसहरू विशेष कार्यक्रमका साथ मनाइएको छ।

३६. वडा नं १३, १५ र १७ वर्तमानमा देखापरेका सामाजिक समस्या र समाधानमा अभिभावक र बालबालिकाको भूमिकाबीच सम्बादसहित मनोपरामर्श कार्यक्रम संचालन गरिएको छ ।

३७. उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको वार्षिकोत्सवको अवसरमा बालबालिका लक्षित खेलकुदका कार्यक्रमहरु बालसमूह सञ्जालकै आयोजनामा सम्पन्न गरिएको छ ।

३८. बालमैत्री स्थानीय शासनयुक्त पालिकाको दिगोपनाको लागि नगरस्तरीय बाल भेला तथा योजना तर्जुमा कार्यक्रम, बालश्रमिक उद्धार तथा पुनर्स्थापना, बालविवाहको जोखिममा रहेका बालबालिकालाई परामर्श, पारिवारिक संरक्षणको अभावमा कठिन परिस्थितिमा भएका बालबालिकालाई संस्थागत हेरचाहको व्यवस्था, संघ संस्थासँगको समन्वयमा बालबालिकालाई आवश्यकता बमोजिम सहयोग लगायतका कार्यहरु निरन्तर रुपमा गर्रिँदै आइएको छ।

३९. वडा नं १३,१६ र १९ का ३ विद्यालयमा बालविवाह, बाल यौन दूर्व्यवहार, बालश्रम, मानव बेचविखन तथा विभेद, साइबर अपराध विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन भएको छ ।

४०. उपमहानगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने मानव वेचविखन तथा ओसारपसारमा परी फर्केका दश जना महिलाहरुलाई मागमा आधारित भई व्यवसायमा सहायता गरिएको छ ।

४१. बागमती प्रदेश सामाजिक विकास कार्यालयसँगको साझेदारीमा गृहिणी महिला सशक्तीकण कार्यक्रम अन्तर्गत उद्यमशीलता प्रवर्द्धन, पशुपालन तथा कृषि व्यवसाय तालिम सम्पन्न भई स्वरोजगार एवं आत्मनिर्भर बनाउनको लागि वडा नं. १५ का २० जना र वडा नं. १७ का ३० जना गरी ५० जना गृहिणी महिलाहरुलाई कृषि तथा पशुपालन गर्न प्रतिव्यक्ति रु १५ हजारका दरले विउ पूँजी उपलब्ध गराउने तयारीमा रहेका छौं।

४२. महिला मैत्री हेटौडा बहस कार्यक्रममा महिला अभियन्ता, जनप्रतिनिधि विभिन्न संस्थाका प्रतिनिधि, नीति निर्माता, विज्ञ, युवा तथा सरोकारवालाबीच बहस कार्यक्रम संचालन गरिएको छ ।

४३. यस वर्ष जम्मा ७९ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएकोमा क वर्गको २४, ख वर्गको ३२, ग वर्गको १७ र घ वर्गको ६ जनालाई प्रदान गरिएको छ ।

४४. बहिराहरुको भाषा सहजीकरणको लागि दोभाषेबाट सेवा प्रवाह, सि.बि.आर. कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्ति र परिवारलाई निशुल्क स्वस्थ्य जाच र औषधी वितरण, सहायक सामाग्री नाप जाच साथै अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहयोग पुर्याउन अपाङ्ग सहायक सामग्री वितरण कार्यलाई निरन्तरता दिइएको छ ।

४५. १९ वटै वडामा कार्यरत सहायक कर्मचारीहरुलाई कार्यस्थलमा हुने यौनजन्य दूर्व्यववहार विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिएको छ । अल्पकालीन आश्रयस्थल (जिल्ला सेवा केन्द्र) बाट लैङ्गिक हिंसापिडित प्रभावित ८९ जनालाई सेवा प्रवाह गरिएको छ ।

४६. मानव अधिकारको लागि एकल महिला समूह मार्फत वडा नं ९ र ११ का १५ जना गरिब, विपन्न तथा एकल महिलाहरुलाई बेसारको विउ वितरण गरी आयआर्जनमा जोडिएको छ ।

**संघ संस्था तथा समुदाय परिचालनतर्फ**

४७. जात्रा, पर्व, उत्सव, संस्कृति संरक्षण तर्फ विभिन्न संघसंस्थासंगको सहकार्यमा १९ वटा कार्यक्रम सम्पन्न भएका छन । संस्कृति संरक्षण अन्तर्गत विभिन्न १२ वटा समूहलाई वाजा गाजा तथा पोशाक उपलब्ध गराइएको छ ।

४८.विभिन्न जातजाती तथा समुहको संस्कृति संरक्षणतर्फ नेवाः सांस्कृतिक पुचः, तामांग घेदुंग संघ, नेपाल मगर संघ, थारु कल्याणकारीणी सभा लगायत विभिन्न संघसंस्थासंगको सहकार्यमा २५ वटा कार्यक्रम सम्पन्न भएका छन ।

४९.वालगृह, जेष्ठ नागरिक सेवा केन्द्र, लागु औषध पुनः स्थापना केन्द्र, मामाघर नेपाल, मानव सेवा आश्रम, आमाघर मनहरी लगायत संस्थाहरुको अक्षयकोष सहयोग सहित संचालन तथा व्यवस्थापन सहकार्यका ९ वटा कार्यकम सम्पन्न भएका छन ।

५०.लागु औषध दूर्व्यसन, महिला हिंसा, असल समाज निर्माण, आत्महत्या न्यूनिकरण, सूचना प्रविधिको सही प्रयोग, होचा पुडकाको सामाजिक अवस्था लगायत विषयमा सचेतनामुलक सडक नाटक विभिन्न २५ स्थानमा सम्पन्न भएका छन ।

५१.टोल विकास संस्था नगर समन्वय समितिको आयोजनामा साइवर अपराध र असल समाज निर्माणका लागि अभिभावक शिक्षा १२ स्थानमा र बागमती प्रदेश प्रहरी कार्यालयसंगको सहकार्यमा लागु औषध दूर्व्यसन विरुद्ध विभिन्न बिद्यार्थी तथा युवा समुहका लागि ५३ स्थानमा सचेतना कार्यक्रम सम्पन्न भएका छन ।

५२.नागरिक आरोग्यताका लागि योग शिविर सञ्चालन गर्न २ वटा संस्थासंग सहकार्य गरिएको छ । आंचल कला पुञ्ज, मातृभूमि साहित्य समाज, साहित्य संगम मकवानपुर लगायतका साहित्यिक संस्था र विभिन्न अन्य सामाजिक संघसंस्थासंगको सहकार्यमा २१ वटा विभिन्न कार्यक्रम सञ्चालन भएको छ ।

५३.हिंसा पिडित महिलाहरुको उपचार तथा पुनः स्थापनाको लागि एकद्धार संकट व्यवस्थापन केन्द्र संचालनमा सहयोग उपलब्ध गराइएको छ । नगरक्षेत्रका २७ जना एच.आई.भि. संक्रमित तथा प्रभावित वालवालिकाको पोषण तथा शैक्षिक सहयोगका लागि मासिक रुपमा पोषण तथा शैक्षिक सहयोग उपलब्ध गराइएको छ ।

५४.लागु औषध पुनः स्थापना केन्द्रमा आश्रित ब्यक्तिहरुको व्यवस्थापनका लागि खाद्यन्न सहयोग र उपचार खर्च सम्बन्धित केन्द्र मार्फत उपलब्ध गराउदै आएको छ ।

५५.समुदाय परिचालनका लागि उपमहानगरपालिका क्षेत्रभित्र थप दुई वटा टोल विकास संस्था गठन भै टोल विकास संस्थाको जम्मा संख्या ३७७ पुगेको छ । टोल विकास नगर समन्वय समिति तथा वडा समन्वय समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ ।

५६.बाह्य श्रोत परिचालन गरी यस उपमहानगरपालिकालाई समेत कार्यक्षेत्र बनाई काम गर्न इच्छुक १९ वटा संस्थाहरुले यस कार्यालयबाट सहमति लिई विभिन्न कार्यक्रम कार्यालयको समन्वयमा सञ्चालन गर्दै आएका छन् ।

**सामाजिक सुरक्षा र घटना दर्तातर्फ**

५७.चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्तातर्फ ज्येष्ठ नागरिक (७० बर्ष भन्दा माथिको) ८ हजार ८९१ जना, जेष्ठ नागरिक दलित (६० वर्षभन्दा माथि ७० भन्दा कम) ४४७ जना, ज्येष्ठ नागरिक एकल महिला (६० वर्षभन्दा माथि ७० भन्दा कम) १ हजार १ हजार ६११ जना, विधुवा महिला (जुन सुकै उमेर) २ हजार २३२ जना, पूर्ण अपाङ्गता ३४८ जना, अति अशक्त अपाङ्ग ६६९ जना र ५ वर्ष मुनिका दलित बालबालिका बाल संरक्षण अनुदान ५५५ जना गरी कुल १४ हजार ७ सय ५३ जना लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन् ।

५८. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा जन्म दर्ता १ हजार ९३७, मृत्यु दर्ता ८६३, विवाह दर्ता १ हजार १२५, सम्बन्ध विच्छेद २८५, बसाइसराई गरी आउने परिवार संख्या २हजार १३८ र बसाइसराई जाने परिवार संख्या १ हजार १०० गरी जम्मा ५ हजार २४० घटना दर्ता भएका छन्।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आर्थिक विकासतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त विवरण पेस गर्ने अनुमति चाहन्छु।**

<u>कृषि विकासतर्फ</u>

५९. अघिल्लो आर्थिक बर्षमा किसान सूचीकरण कार्यक्रम मार्फत ९ हजार ६४२ कृषक घरधुरी सुचिकृत भएकोमा चालु आ व को यस अवधिमा थप ५०० कृषक सुचिकृत भईसकेको र थप कृषकहरु सुचिकृत हुने क्रम जारी रहेको छ। राष्ट्रिय कृषि तथ्याङ्क अध्यावधिक कार्यक्रम मार्फत १२ वटा गणना क्षेत्रका १ हजार ९६८ कृषकहरुको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भएको छ ।

६०. माटोको स्वास्थ सुधार कार्यक्रम मार्फत ९८८ वटा माटोको नमुना परिक्षण गरी माटोको अम्लियपन सुधारका लागि ५०% लागत सहभागितामा कृषि चुन वितरण कार्यक्रम सम्पन्नको चरणमा रहेको छ । साथै प्रदेश माटो तथा मल परिक्षण प्रयोगशालाको सहयोगमा ४० मे.टन. चुन निशुल्क वितरण समेत गरिएको छ।

६१. नयाँ पुस्ताका युवाहरुलाई उत्पादन तथा आय आर्जनका कार्यक्रम सँग जोड्नका लागि युवा स्वरोजगार कार्यक्रम मार्फत ८ जना युवा छनौट भई कार्यक्रम संचालन भईरहेको छ। कृषकहरुका लागि उन्नत जातको तरकारी बालीको मिनिकिट वितरण मार्फत ५ हजार मिनिकिट (बीउ) वितरण गरिएको छ।

६२. रसायनिक विषादिको विकल्पका रुपमा कृषकहरुलाई विभिन्न किसिमका ट्रयाप, फेरोमन ट्रयाप तथा जैविक विषादीको (१३७० थान) प्रयोगमा परीक्षण तथा प्रोत्साहन गर्न आवश्यकताका आधारमा निशुल्क वितरण गरिएको छ।

६३. Sweet Corn उत्पादन गर्ने कृषकलाई अनुदान स्वरुप ५०% लागत सहभागितामा २ थान चिस्यान भण्डारणका सामग्री उपलब्ध गराइएको छ।

६४. तरकारी तथा फलफूल उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गर्न कृषक समूह तथा कृषि सहकारीहरु मार्फत लिचि, केरा, ड्रागन फल, एभोकाडो लगायतका फलफूलको क्षेत्र विस्तारका लागि ५ ठाउँमा कार्यक्रम सञ्चालन भईरहेको छ।

६५. खेती योग्य जग्गामा सिंचाईको क्षेत्र विस्तार साथै उपलब्ध सिंचाई पूर्वाधारहरुको मर्मत सम्बन्धी ५ ठाउँमा कार्यक्रम सम्पन्न गर्ने चरणमा रहेको छ।

६६. उत्पादित कृषि उपजको व्यवस्थित बजारिकरणका लागि बनाइएको प्रदेश स्तरीय कृषि थोक बजार स्थानीय तहमा हस्तान्तरण गरी संचालनमा ल्याउनका लागि निर्देशिका बनाई संचालन समिति समेत गठन भई काम अगाडी बढाइएको छ।

६७. चालु आर्थिक बर्षमा संचालन भएका स्वीकृत कार्यक्रमहरुको थप प्रभावकारिता तथा कृषकको फिल्ड स्तरमा देखिएका विविध समस्याहरु समाधानको लागि नियमित रुपमा शाखा तथा सेवा केन्द्रबाट अनुगमन भईरहेको छ।

६८. कृषक तथा उद्यमीहरुको उत्पादन उपभोक्ता सामु पुर्याउन तथा उत्कृष्ट कृषक सम्मान गर्नका लागि मकवानपुर उद्योग वाणिज्य संघको सहकार्यमा ३ दिने कृषि मेला प्रदर्शनी सम्पन्न गरिएको छ।

६९. हाईब्रिड तथा आयतित बीउहरुमा बढ्दो निर्भरतालाई न्यूनिकरण गर्न मकै तथा धानका स्वदेशी खुल्ला सेचित जातहरुको बीउ उत्पादनलाई जोड दिदै रामपुर कम्पोजिट मकै ७५० कठ्ठा, मकवानपुर-१ धान १५ कठ्ठा र राम धान १० कठ्ठा क्षेत्रफलमा बीउ उत्पादन गरिदैछ।

७०. संघीय सरकारबाट हस्तान्तरित धान पकेट कार्यक्रम अन्तर्गत हेटौंडा १७ मा श्री साना किसान कृषि सहकारी संस्था मार्फत ३०० कठ्ठा क्षेत्रफलमा धान खेती कार्यक्रम संचालन भईरहेको छ।

७१. अपाङ्ग महासंघसँगको सहकार्यमा ३० जना अपाङ्गता भएका व्यक्तिहरुका लागि गोठ सुधार, बाख्रा तथा गाई वितरणका लगायतका कार्यक्रमहरु संचालन भएका छन् ।

<u>पशुपन्छी विकासतर्फ</u>

७२. वंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ वटा निजी फर्म तथा १ वटा कृषि सहकारीसंग र बाख्रा स्रोत केन्द्र स्थापना कार्यक्रम अन्तर्गत १ वटा कृषि सहकारी, १ वटा कृषक समूह तथा २ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ।

७३. दृष्टिविहिन तथा अपाङ्गता भएका व्यक्तिहरुलाई कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम अन्तर्गत १ वटा निजी फर्म, १ वटा अपाङ्गता संघ, १ वटा अपाङ्गता समाज र १ वटा अपाङ्गता संस्थासंग सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ।

७४. उन्नत जातको गाई पालनका लागि नमुना गोठ निर्माण प्रदर्शन, हेटौडा-११ मा सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ। पशुपालन (गाई) प्रवर्द्धन कार्यक्रम, वडा नं. १६ कार्यक्रम अन्तर्गत ३ वटा कृषक समूह तथा ४ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम सम्पन्नताको क्रममा रहेको छ ।

७५. उन्नत जातको गाई तथा बाख्रा वितरण कार्यक्रम हेटौडा ५ मा विनियोजित बजेटबाट १ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ।पशुपालन प्रवर्द्धन कार्यक्रम, हेटौडा-११ मा विनियोजित बजेटबाट ५ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम सम्पन्नताको क्रममा रहेको छ।

७६. बाख्रापालन प्रवर्द्धन कार्यक्रम, हेटौडा-१५ मा विनियोजित बजेटबाट १ सहकारी संस्था तथा १ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम संचालन भईरहेको छ। त्यसैगरी भईसीपालन प्रवर्द्धन कार्यक्रम हेटौडा-१८ मा विनियोजित बजेटबाट २ वटा सहकारी संस्था तथा ३ वटा निजी फर्मसंग सम्झौता भई कार्यक्रम सम्पन्नताको चरणमा रहेको छ ।

७७. दुग्ध सहकारी संस्थालाई भौतिक पूर्वाधार सहयोग, वडा नं. १८ मा २ वटा सहकारी संस्था र वडा नं ८ मा १ वटा सहकारी संस्था छनौट भई कार्यक्रम अघि बढाइएको छ ।

७८. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट कृषकहरुले दुध विक्री गरेको परिमाणको आधारमा दुध संकलन, प्रशोधन तथा वितरण गर्ने २६ वटा सहकारी संस्थाहरुसंग सम्झौता भई दुधको अनुदान रकम भुक्तानीको प्रक्रिया अघि बढाइएको छ ।

७९. पाडापाडी/गाई अनुदान कार्यक्रम अन्तर्गत ५५ जना कृषकलाई छनौट भई सम्झौताको प्रक्रियामा रहेको छ। बाख्रापालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं १८ का ३५ जना कृषकहरु छनौट भई कार्यक्रम अघि बढाइएको छ। बंगुर प्रवर्द्धन कार्यक्रम अन्तर्गत २४ जना वंगुरपालक कृषकहरु छनौट भई कार्यक्रम अघि बढाइएको छ ।

८०. वैदेशिक रोजगारीबाट फर्किएर पशुपालन व्यवसायमा लागेका युवा तथा बेरोजगार युवाहरुलाई लक्षित गरी पशुपालन व्यवसायमा आकर्षण गर्न युवा लक्षित पशुपालन कार्यक्रम सञ्चालनको प्रक्रियामा रहेको छ ।

८१. मिल्क एनालाईजर अनुदान कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्न ७ वटा दुग्ध उत्पादक सहकारी संस्थालाई छनौट गरी प्रक्रिया अघि बढाइएको छ ।

८२. पशुपालन गरिरहेका कृषकहरुको समस्या पहिल्याउन तथा समाधान गर्नका लागि ७ वटा पशु सेवा केन्द्रहरु मार्फत दैनिक रुपमा उपचार सेवा, गोबर परिक्षण सेवा प्रवाह हुंदै आएको छ । चालु आ.व.को यस अवधिसम्ममा ९ हजार ८३३ पशुपन्छीहरुमा मेडिकल उपचार सेवा, १ हजार ३८५ पशुहरुमा गाईनोलोजिकल सेवा, २ हजार २५९ बोका र बंगुरको बन्ध्याकरण, ६६४ पशुहरुको घाउ ड्रेसिङ्ग, १ हजार ६५१ पशुहरुको गोबर परिक्षण, २५८ वटा गाई/भईसी/बाख्राको थुनेलो रोग परिक्षण, ४४९ वटा विभिन्न सिफारिसहरु, ११ हजार २२२ वटा गाईहरुमा कृतिम गर्भाधान, ८२८ वटा भईसीहरुमा कृतिम गर्भाधान, १३ वटा बाख्राहरुमा कृतिम गर्भाधान, ७ हजार ८९९ पशुपन्छीहरुको लागि निःशुल्क औषधी वितरण गरिएको छ ।

८३. चालु आ.व. मा पशु सेवा कार्यालय मकवानपुरबाट प्राप्त २३ हजार डोज खोरेत रोग विरुद्धको खोप गाई/भईसी/वंगुरमा लगाउने कार्य सम्पन्न भएको छ । ५० हजार डोज पि.पि.आर रोग विरुद्धको खोप प्राप्त भएकोमा सो खोप कार्य संचालन भईरहेको छ।

८४. यस आ.व को श्रावण र भाद्र महिनाको गाई भईसीमा लाग्ने महामारी लम्पी स्किन रोगको प्रकोप बढी देखिएकोले कार्यालयबाट करिब ७ हजार डोज खोप तथा पशु सेवा कार्यालयबाट प्राप्त करिब १४ हजार

डोज खोप लगाउने कार्य सम्पन्न भएको छ । विभिन्न वडाहरुमा लम्पी स्किन रोग देखा परेको हुदा उक्त रोग रोकथामको लागि हाललाई ५ हजार डोज खोप खरिद गरी रोग देखिएको ठाउँ वरिपरि रिङ्ग भ्याक्सिनेशन सञ्चालन भईरहेको छ।

८५. पशुहरुको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्धेश्यले यस नगरभित्र रहेका सरकारी तथा निजी प्राविधिकहरुलाई कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने तरल नाईट्रोजन साथै कृत्रिम गर्भाधानकर्तालाई आवश्यक पर्ने सिथ र ग्लोभ्स खरिद गरी निशुल्क वितरण गरिएको छ ।

८६. संक्रामक रोगहरु रोकथाम गर्नको लागि जैविक सुरक्षाका सामग्रीहरु (भिरकोन, फिनेल, ग्लोभ्स र माक्स) कृषकहरुलाई निःशुल्क वितरण गर्ने कार्य भईरहेको छ ।८ वटा कुकुर समाउने जाली, गोबर परिक्षण गर्नको लागि १ वटा माइक्रोस्कोप र खसी पार्न आवश्यक पर्ने वर्डिजो क्यास्टेटर खरीद प्रक्रिया अघि बढाइएको छ । सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम संचालन प्रक्रिया अघि बढाइएको छ ।

## उद्योग तथा सहकारीतर्फ

### सहकारीतर्फ

८७. नगर क्षेत्रभित्र रहेका सहकारीहरुलाई एकीकृत सूचना प्रणालीमा प्रविष्ट गर्नका लागि कोपोमिस प्रणालीमा आवद्ध गरिएको छ । सहकारी संस्थाबाट पेश भएको लेखापरीक्षण प्रतिवेदनका आधारमा सहकारी संस्थाहरुको एकिकृत विस्तृत विवरण हेर्न सकिने गरी एक्सेल सिट समेत ब्यवस्थापन गरी डाटा प्रविष्टिको कार्य सम्पन्न भएको छ।

८८. सहकारी संस्थाबाट पेश गरिएको मासिक वित्तीय विवरण रुजु गरी कोपोमिस प्रणाली मार्फत् नै रुजु गरिएको जानकारी पठाउने र सहकारी मन्त्रालय, सहकारी विभाग लगायतका निकायबाट जारी सूचना तथा परिपत्रहरुलाई कोपोमिस प्रणाली मार्फत् नै इमेल गर्ने/पत्राचार गर्ने व्यवस्था गरिएको छ ।

८९. वचत तथा ऋण सहकारी संस्थाको नमूना विनियम स्वीकृत गरी सोही बमोजिम सहकारी संस्थाहरुको विनियम पुनर्लेखन र संशोधन प्रकृया अगाडी बढाइएको छ ।चालु आ.व. को यस अवधिमा ९ वटा सहकारीको विनियम संशोधन तथा पुनर्लेखन गरिएको छ ।

९०. बागमती प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत विभिन्न सहकारी संस्थाहरुसंग कार्यक्रमहरु सम्पन्न भएका छन् । महिला मिलन बचत तथा ऋण सहकारी संस्था हेटौडा-१३ सँगको सहकार्यमा ३० जना महिलाहरुका लागि नौमती बाजा (पन्चेबाजा) तालिम, हाम्रो कृषि सहकारी संस्था, हेटौडा-११ सँगको सहकार्यमा बेमौसमी तरकारी खेती सम्बन्धी ५ दिने र मौरीपालन सम्बन्धी ५ दिने तालिम, भविष्य कृषि सहकारी संस्था, हेटौडा-१४ सँगको ५० प्रतिशत लागत साझेदारीमा २०५ वटा मकै रोप्ने मेसिन, २ वटा मकै छोडाउने मेसिन र १२९ वटा ई-स्प्रे मेसिन हस्तान्तरण, कामधेनु बहुउद्धेश्यीय सहकारी संस्था लि., हेटौडा-६ सँगको ५० प्रतिशत लागत साझेदारीमा कृषि मेसिनरी औजार अनुदान कार्यक्रम सञ्चालन भएका छन् ।

९१. सातै प्रदेशबाट उत्कृष्ट सहकारी छनौटको क्रममा बागमती प्रदेशबाट यस उपमहानगरपालिकाको नियमन क्षेत्रभित्र रहेको हेटौडा-१३ स्थित श्री महिला मिलन बचत तथा ऋण सहकारी संस्था पुरस्कृत हुन सफल भएको छ ।

उद्योगतर्फ

९२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत वडा नं. ५, १३ र १६ का ७१ जनालाई उद्यमशिलता विकास तालिम प्रदान गरिएको छ । ५ नं. वडामा १५ दिने साईपाटा बनाउने तालिम, १३ नं. वडामा ४५ दिने बेशिक ढाका कपडा बुन्ने तालिम, १६ नं. वडामा ३ दिने बाटेको धुप बनाउने तालिम तथा ५ दिने मसला बनाउने तालिम, १२ नं. वडामा ५ दिने मस्यौरा सिन्की बनाउने तालिम सम्पन्न भएको छ । जसबाट ९७ जना लाभान्वित भएका छन् ।

९३. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत् नयाँ उद्यमी सिर्जनाका लागि वडा नं. ५,१३,१६ छनौट भई कार्य प्रारम्भ गरिएको र प्रथम चरणमा घरधुरी सर्वेक्षण कार्य सम्पन्न भई ३ वटै वडाहरुमा उद्यमशीलता विकास तालिम र १ दिने लैंगिक तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम सम्पन्न भएको छ ।

९४. बागमती प्रदेश सरकारको ६० प्रतिशत र स्थानीय तहको ४० प्रतिशत लागत साझेदारीमा २० जना सहभागीलाई ३९० घण्टाको व्युटिपार्लर तालिम सम्पन्न भएको छ ।

९५. मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) द्धारा क्षमता विकास क्रियाकलाप कार्यक्रम अन्तर्गत यस पालिकाको प्रभावित वडाहरु वडा नं.१,३,१०,११ र १९ मा विभिन्न विषयमा सीप विकास तथा व्यवसाय व्यवस्थापन सम्बन्धी तालीमको प्रक्रिया अघि बढाइएको छ ।

९६. नेपाल सरकारले स्टार्टअप उद्यम कर्जा कार्यक्रम अन्तर्गत योग्य उद्यमीहरूबाट परियोजना प्रस्ताव मागको प्रक्रिया अघि बढाइएको छ ।

९७. यस कार्यालयबाट अनुदान सहयोगमा संचालनमा रहेका उद्योग/उद्यमी समूहहरुको हालसम्म उपलब्ध अनुदान सम्बन्धी अभिलेख तयार गरिएको र नियमित अनुगमन गरिएको छ।

९८. चालु आ.व. को ज्येष्ठ मसान्तसम्मको अवधिमा उपमहानगरपालिका दर्ता भएका साना उद्योग संख्या ७ वटा र हालसम्म दर्ता भई संचालनमा रहेका उद्योग संख्या २५ वटा रहेका छन् ।

९९. उद्यम प्रवर्धनका लागि निर्माणाधीन हेटौंडा कोशेली घरको भौतिक पूर्वाधार तर्फको निर्माण कार्य बागमती प्रदेश सरकारसमेतको सहयोगमा निर्माणको अन्तिम चरणमा रहेको छ ।निर्माण सम्पन्न भएको भूई तलाबाट यसै बर्षदेखि कोशेली घर संचालन गरिएको छ ।

१००. यस नगरक्षेत्र भित्रका बजारमा सुशासन, अनियमितता नियन्त्रण, अनिवार्य मुल्यसुची व्यवस्या, उपभोक्ता अधिकारको संरक्षण एवं अनुगमन प्रणालीलाई चुस्त दुरुस्त बनाउने उद्धेश्यले मुल्य पारदर्शिता सप्ताह कार्यक्रम २०८३ अन्तर्गत १-१९ वडाहरु लगायत अन्य सार्वजनिक स्थानहरुमा सन्देशमुलक तथा सुचनामुलक कार्यक्रम सम्पन्न भएको छ।

१०१. उपमहानगरक्षेत्रभित्रको सफल उद्यमीहरुको सफलताको कथालाई रेडियो कार्यक्रम मार्फत प्रशारणको व्यवस्था मिलाइएको छ।

१०२. कार्यालयबाट संचालित सीपमुलक तालिमहरुको प्रभावकारिता, पहुंच, सान्दर्भिकता र वास्तविक प्रतिफल मापनका लागि उपभोक्ता सन्तुष्टि सर्वेक्षण कार्यक्रम सेवा प्रदायकसंग सम्झौता भई संचालनमा रहेको छ ।

१०३. गत भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा क्षति भएको घ वर्ग निर्माण व्यवसायी दर्ता तथा नविकरणको अभिलेख पुन: व्यवस्थित गरी सेवा प्रवाह चालु गरिएको छ ।यस अवधि बीचमा नयाँ दर्ता भएको संख्या- १२ वटा, नामसारी/साझेदारी परिवर्तन भएको संख्या- ६ वटा, ठाँउसारी भई आएका संख्या- ३ वटा गरी हालसम्म दर्ता भएका निर्माण व्यवसायी संख्या- ३९२ वटा रहेकोमा ज्येष्ठ मसान्तसम्मको अवधिमा नविकरण भएको फर्म संख्या- २४१ वटा रहेका छन् ।

## पर्यटन विकासतर्फ

१०४. मकवानपुर होटल एशोसियनसँगको सहकार्यमा पर्यटन प्रबर्द्धनका लागि खाना महोत्सव कार्यक्रम सम्पन्न गरिएको छ ।त्यसैगरी भोर्ले यूवा क्लव, हेटौडा-१८ सँगको सहकार्यमा हेटौंडा १८ मा पर्यटन प्रवर्धनका लागि खाना महोत्सव कार्यक्रम सम्पन्न भएको छ ।

१०५. पर्यटन क्षेत्र प्रवर्द्धनका लागि प्रचारात्मक एवं जानकारीमूलक साइन बोर्ड निर्माणका लागि प्रकृया अगाडि बढाइएको छ।पर्यटन क्षेत्र प्रबर्द्धनका लागि नगर क्षेत्रभित्रका मुख्य मुख्य पर्यटकीय क्षेत्रहरुको क्यु. आर. कोड सहित डिजिटल चिनारी प्रोफाईल निर्माण प्रक्रिया अगाडि बढाइएको छ।

१०६.उपमहानगरपालिका क्षेत्रभित्र पाइने विभिन्न प्रजातीको चराहरु तथा उक्त चराहरुको हटस्पटको अध्ययन एवं सो सम्बन्धी पुस्तक प्रकाशनको कार्य अघि बढाइएको छ ।

## श्रम तथा रोजगारतर्फ

१०७.चालु आ.व.को जेष्ठ मसान्तसम्म ३११ जना बेरोजगार व्यक्तिहरू सूचीकृत गरी विवरण EMIS प्रणालीमा प्रविष्ट गरिएको छ। श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत अनौपचारिक श्रमिकलाई परिचय पत्र वितरण गरिएको छ । अनौपचारिक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यक्रम अन्तर्गत ६१ जना श्रमिकलाई कोषमा आवद्ध गराउन प्रक्रिया अघि बढेको छ ।

१०८.बैदेशिक रोजगारीबाट फर्किएकाहरूका लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति लिनु पर्ने व्यवस्था बमोजिम उपमहानगरपालिकाको रोजगार सेवा केन्द्रबाट हालसम्म १०५ जनालाई श्रम स्वीकृतिको लागि सहजीकरण गरिएको छ ।

१०९.महिलालाई रोजगारीको अवसर सिर्जना गर्न उद्यमशिलता प्रवर्धन अन्तर्गत स्पेशल ढाका कपडा बुन्ने तालीम सम्पन्नताको चरणमा रहेको छ ।

११०.बैदेशिक रोजगारीमा गई समस्यामा परेका श्रमिकको उद्धार तथा राहत वितरणको लागि फेमिस FEWMIS system मार्फत ४४ कामदार तथा परिवारलाई राहत तथा उद्धार कार्यक्रम सञ्चालन गरिएको छ।

१११.सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत सञ्चालित आप्रवासी स्रोत केन्द्रबाट बैदेशिक रोजगारमा जाने सोच बनाएका ७९०३ जनालाई सूचना तथा परामर्श सेवा उपलब्ध गराइएको

छ । बैदेशिक रोजगार सम्बन्धी समस्या १०८ केस आएकोमा ६१ वटा केस समाधान गरिएको छ । उपमहानगरपालिकामा बैदेशिक रोजगारका कारण मानसिक समस्यामा परेका ७ जनालाई व्यक्तिगत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ ।

११२. वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रम अन्तर्गत २ समूहका ५६ जना लाई २१ हप्ते कक्षा सम्पन्न भएको छ । २ वटा समूहका ६८ जनालाई ३ दिने र ५ वटा समूहका १५९ जनालाई १ दिने वित्तीय साक्षरता कक्षा सम्पन्न भएको छ । ५ वटा बिद्यालयका २२७ जना बिद्यार्थीलाई समेत वित्तीय साक्षरता कक्षा सम्पन्न भएको छ ।

११३. सामी कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारमा परी मृत्यु भएका ७ जनाको पारिवारिक स्वास्थ्य उपचार तथा अंगभंग भएका १० जनाको उपचार र १ जनाको खोजी उद्धार तथा ठगीमा परेका ५ जनालाई क्षतिपूर्ति भराउन समन्वय तथा सहजीकरण गरिएको छ । बैदेशिक रोजगार बोर्डबाट २१ जनालाई छात्रबृत्ति प्राप्तीका लागि समन्वय तथा सिफारिस गरिएको छ । विदेशमा मृत्यु भएका ३ जनाको शव झिकाउने कार्यमा समन्वय र सहजीकरण गरिएको छ ।

११४. प्रहरी र सूचिकृत मेलमिलापकर्तासँग छुट्टा छुट्टै कार्यक्रम आयोजना गरी सामी कार्यक्रमलाई प्रभावकारी बनाउने विषयमा अभिमुखीकरण तथा छलफल गरिएको छ ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म सुशासन तथा सूचना प्रविधि क्षेत्रतर्फको कार्यक्रममा भएको प्रगतिबारे संक्षिप्त प्रगति समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

<u>सुशासन तथा संस्थागत सुधारतर्फ</u>

११५. कार्यालयमा कार्यरत जनशक्तिको सीप तथा क्षमता विकास अन्तर्गत प्रदेश सुशासन केन्द्र बागमती प्रदेशको आयोजनामा भएको ५ दिने सेवा प्रवेश तालीममा १ जना र ३० दिने सेवाकालीन तालीममा १ जना गरी २ जना कर्मचारीलाई तालीममा सहभागी गराइएको छ ।

११६. यस अवधिमा १५ पटक नगर कार्यपालिकाको बैठक बसी १६९ वटा निर्णय भएका छन् ।त्यसैगरी संस्थागत विकास तथा सुशासन समितिको ९ वटा बैठक बसेको छ ।कानुनी प्रवन्ध अन्तर्गत ऐन (संशोधन सहित) ३, (कार्यविधि संशोधन) सहित २ र निर्देशिका १ स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

११७. सेवा प्रवाहतर्फ नागरिकता सिफारिस २ हजार ४ सय १२, नागरिकता प्रतिलिपि सिफारिस २ हजार ९ सय ३२, चौहद्धि सिफारिस ६ हजार ८ सय ६५, नाता प्रमाणित सिफारिस १ हजार १ सय १४, खानेपानी धारा जडान सिफारिस ७ सय १५, विजुली जडान सिफारिस ६ सय ८५, वस्तुगत विवरण ४ हजार ९ सय ९१, जग्गा नामसारी सिफारिस ५ सय ६२, नाता सम्बन्ध सिफारिस २ हजार ६ सय ७१ र अन्य सिफारिस ४० हजार ८ सय ३५ गरी कूल जम्मा ६३ हजार ७ सय ८२ सिफारिस भएका छन् ।

११८. चालु आर्थिक वर्षको यस अवधिमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम विभिन्न तहमा २० जना कर्मचारीको तह वृद्धि गरिएको छ ।

११९. राष्ट्रिय-अन्तर्राष्ट्रिय संजाल CITYNET, UCLG, ICLEI, MUAN, UNOPS लगायतका संघसंस्थासँग सम्बन्ध विस्तार एवम् बागमती प्रदेश सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङ्पाल गाउँपालिका र कर्णाली प्रदेश कालिकोट जिल्ला पचालझरना गाउँपालिकासँग भगिनी सम्बन्ध कायम गरिएको छ।

१२०. कार्यालयको गतिविधि, सेवा प्रवाहको जानकारी एवम् सार्वजनिक सूचना प्रवाह गर्न कार्यालयले सञ्चालन गरेको वेभसाईट, फेसबुक पेज तथा अन्य सामाजिक संजालहरु नियमित अध्यावधिक भईरहेको छ ।

१२१. संघीय सरकारबाट स्थानीय तहको मूल्यांकनका लागि अभ्यासमा ल्याइएको स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (LGPAS) अन्तर्गत नेपाल सरकारले गरेको मूल्याङ्कनमा ६४.५ अंक हासिल भएको छ ।

## वन, वातावरण, विपद् र फोहरमैला व्यवस्थापनतर्फ

१२२. हेटौंडामा भएका खाली जग्गा(राप्ती पुल पारी, हेटौंडा अस्पताल अगाडी, हेटौंडा बसपार्क शौचालय अगाडी, क्याम्पा डाँडा खुला क्षेत्र) लाई ब्यूटीफीकेसन गर्ने काम सम्पन्न भएको छ ।संरक्षणको अभावमा वडा नं. २ मा रहेको घाँसी कुवाँ संरक्षण कार्य डिभिजन वन कार्यालय मकवानपुरसँगको सहकार्यमा सम्पन्न भएको छ ।

१२३. सडक किनारमा रोपिएका विरुवा काँट छाट, बजारमा भएका खाल्टा खुल्टी पुर्ने, खाली ठाँउमा वृक्षारोपण गर्ने कार्य, विरुवा उत्पादनका लागि नर्सरीको अवधारणा सहित आफनै नर्सरीमा टनेल निर्माण गरी फूलको विरुवा उत्पादन गर्ने कार्य भएको छ।

१२४. बजार क्षेत्रमा टिपन टापनमा सफाईमा तिब्रता, प्रभावकारिता, च्याम्वर संरक्षणमा जोड, फोहर विसर्जन स्थल ब्यवस्थापनमा सक्रियता, प्लाष्टिक प्रयोगलाई न्यूनिकरण गर्ने काम अगाडी बढाइएको छ।

१२५. विभिन्न वडामा विपद् व्यवस्थापन कोष मार्फत विपदको पूर्व तयारी तथा प्रतिकार्यका लागि २४ वटा योजनाहरु कार्यान्वयनमा रहेको छ । विपद्को घटनामा प्रभावित १५ परिवारलाई विपद् व्यवस्थापन कोष संचालन कार्यविधि अनुसार राहत उपलब्ध गराइएको छ।

१२६. उपमहानगरपालिका र खानेपानी उपभोक्ता महासंघसंगको सहकार्यमा आयोजित खानेपानी तथा सरसफाई साझा बहस कार्यक्रम सम्पन्न भएको छ ।

१२७. विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा लोकल कंग्रेस २०२५ (Local congress 2025) ले युवा पुस्तालाई जलवायु परिवर्तन, वातावरण संरक्षण तथा दिगो विकासका लक्ष्य विषयमा सचेत, सक्षम र नेतृत्वदायी बनाउन विभिन्न शैक्षिक संस्थाका विद्यार्थी, सरकारी निकाय, सञ्चारमाध्यम तथा सरोकारवाला संस्थाहरूको सहभागितामा विविध कार्यक्रम सम्पन्न भएको छ ।

१२८. सालक संरक्षणका लागि डिभिजन वन कार्यालय मकवानपुर, फरेष्ट्री युथ नेटवर्क तथा विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा सालक संरक्षण सचेतनामूलक कार्यक्रम विद्यार्थी तथा समुदायको लागि, सालक संरक्षण नाटक कार्यक्रम र सालक संरक्षण पदयात्रा गरी विश्व शालक दिवस २०२६ मनाइएको छ।

१२९. नगरक्षेत्र भित्र र जिल्ला बाहिर समेत गरी यस आ.व. मा शव वाहन मार्फत ४६४ परिवारलाई शव वहान सेवा प्रदान गरिएको छ ।१९ वटा बेवारिसे शव सतगत गरिएको छ । शवदाह मेसीन

मार्फत १५० शवको निशुल्क सतगत गर्ने काम सम्पन्न गरिएको छ ।वारुण यन्त्र मार्फत नगरभित्र र बाहिर गरी ७० स्थानमा आगलागी नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ ।

१३०. नगर क्षेत्रको वन तथा वातावरण संरक्षण तथा प्रवर्धनका लागि हेटौडा उपमहानगरपालिका वन ऐन २०८२ लागु गरिएको छ।वन विज्ञान अध्ययन संस्थानको ७६.०१ हेक्टर निजी वन दर्ता गरी प्रमाणपत्र दिइएको छ।

१३१. वडा नं १ को नकौली डाँडामा जलवायु उत्थानशील सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।उपमहानगरपालिकाको आयोजना तथा लुमन्ति आवासको लागि सहयोग समूहको सहकार्यमा वडा नं ११ सिमलटार समुदाय खानेपानी तथा स्वच्छता सम्बन्धी दुई दिने सामुदायिक कार्ययोजना प्रदर्शनीको पूर्व तयारी तालिम सम्पन्न गरिएको छ।

१३२. हेटौडा सिमेन्ट उद्योग, हेटौडा कपडा उद्योग लगायत सार्वजनिक स्थल, पार्क, मन्दिर, चौरहरुमा विशेष सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ।विभिन्न उद्योग, फर्म, व्यवसायहरुबाट भएको वातावरणीय प्रदुषणको स्थलगत अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन दिइएको छ।

१३३. विश्व वातावरण दिवसको अवसरमा टोल विकास संस्था नगर समन्वय समितिको सहकार्यमा विभिन्न सरोकारवाला संघ/संस्थाहरुसँगको समन्वयमा विभिन्न कार्यक्रमहरु गरी सप्ताहव्यापी रुपमा विश्व वातावरण दिवस २०८३ सम्पन्न गरिएको छ।

**न्यायिक समितितर्फ**

१३४. न्यायिक समितिमा नयाँ दर्ता भएका विवाद संख्या १६१, प्रक्रियामा रही अघिल्लो वर्षबाट जिम्मेवारी सरेका उजुरी ६९ गरी कुल २३० उजुरी रहेका थिए जसमध्ये मिलापत्र भएको ११२, अन्य न्यायिक निकायमा जान सुनाइएको ५, अदालत जान सुनाइएको १८, वडा मेलमिलाप केन्द्रमा छलफलको प्रक्रियामा रहेको ५५, न्यायिक समितिमा प्रक्रियामा रहेको २६, मुद्धा फिर्ता ५, तामेलीमा राखेको ३, र ६ वटा उजुरी डिसमिस भएका छन्।

१३५. समितिको स्वीकृत कार्यक्रम अन्तर्गत न्यायिक डबली रेडियो कार्यक्रम, समुदाय स्तरीय न्यायिक अनुशिक्षण, बिद्यार्थीसँग न्यायिक समिति कार्यक्रम, संदेशमूलक टेवल क्यालेन्डर प्रकाशन, कानुनी पुस्तक खरिद तथा वितरण, प्रचारात्मक रेडियो जिंगल निर्माण र प्रशारण मेलमिलापकर्ताका लागि निर्णय मिलापत्र लेखन तालीम मेलमिलापकर्ताका लागि अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।

**आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,**

अब म आन्तरिक तथा बाह्य राजस्व परिचालनको क्षेत्रमा भएको प्रगतिबारे संक्षिप्त समीक्षा पेस गर्दछु।

**राजस्व परिचालनतर्फ**

१३६. संघीय सरकार वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान अन्तर्गत रु. २९ करोड ७६ लाख आय अनुमान गरिएकोमा आम्दानी रु. २७ करोड २१ लाख ५५ हजार अर्थात् ९१.४३

प्रतिशत प्रगति हासिल भएको छ । संघीय सशर्त अनुदान चालुतर्फ रु. ८२ करोड ६ लाख अनुमान गरिएकोमा रु. ७९ करोड ६१ लाख ५ हजार अर्थात् ९७.०१ प्रतिशत प्रगति हासिल भएको छ । सशर्त पुँजीगततर्फ रु. १ करोड ४३ लाख अनुमान गरिएकोमा रु. ७५ लाख अर्थात् ५२.४४ प्रतिशत प्रगति हासिल भएको छ । संघीय विशेष अनुदानतर्फ रु. १ करोड ५० लाख अनुमान भएकोमा रु. १ करोड ३२ लाख १५ हजार अर्थात् ८८ प्रतिशत प्रगति हासिल गरिएको छ । संघीय समपुरक अनुदानतर्फ रु. ४ करोड ७५ लाख आय अनुमान गरिएकोमा रु. ८३ लाख ६८ हजार अर्थात् १७.६१ प्रतिशत प्रगति हासिल गरिएको छ । बागमती प्रदेश सरकारको विभिन्न शीर्षकमा रु. ८ करोड ३६ लाख ५ हजार अनुमान गरिएकोमा ९०.४८ प्रतिशत प्रगति हासिल भएको छ । राजस्व बाँडफाँटतर्फ रु. ९२ करोड २७ लाख ५५ हजार अनुमान गरिएकोमा रु. ३९ करोड ३२ लाख ८ हजार अर्थात् ४२.६१ प्रतिशत प्रगति हासिल गरिएको छ । आन्तरिक स्रोतको आम्दानीतर्फ रु. ६९ करोड ८३ लाख ३७ हजार अनुमान गरिएकोमा रु.४३ करोड २६ लाख ३२ हजार अर्थात् ६१.९५ प्रतिशत प्रगति हासिल गरी ज्येष्ठ मसान्तसम्म ६९.१५ प्रतिशत राजश्व परिचालनतर्फ प्रगति हासिल भएको छ ।

**सभाध्यक्षज्यू,**

**अब म यस उपमहानगरपालिकाको बजेट तथा खर्च (चालु र पूंजिगत) को वित्तीय प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।**

व्ययतर्फ

पूँजीगततर्फ

१३७. यस शीर्षकमा कुल बजेट रकम रू. ९८ करोड ९४ लाख ११ हजार विनियोजन भएकोमा चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा रु. ३१ करोड ३६ लाख ३९ हजार खर्च हुन गई वित्तीय प्रगति ३१.७ प्रतिशत हुन गएको छ । वित्तीय व्यवस्थातर्फ रु. १ करोड विनियोजन भएकोमा ७४ लाख ९९ हजार खर्च हुन गई वित्तीय प्रगति ७५ प्रतिशत हासिल हुन गएको छ ।

चालुतर्फ

१३८. यस शीर्षक अन्तर्गत १ अर्व ९३ करोड ५५ लाख ७५ हजार बजेट विनियोजन भएकोमा चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा रू. १ अर्ब १८ करोड २० लाख ३० हजार खर्च भई ६१.०७ प्रतिशत प्रगति हासिल गरिएको छ ।

१३९. यस अवधिमा चालु, पूँजी र वित्तीय व्यवस्था समेत जम्मा ५१.२१ प्रतिशत खर्च प्रगति हासिल हुन गएको छ ।

१४०. चालु तथा पूँजीगत खर्चका लागि स्रोतमा भएको अपर्याप्तताका कारण समयमा नै भुक्तानी दिन नसकिएको तथा उपभोक्ता समिति र निर्माण व्यवसायीबाट सञ्चालन भएको योजना तथा कार्यक्रमको भुक्तानी कार्य सम्पन्न पश्चात मात्रै दिने भएकोले वित्तीय प्रगति अपेक्षाकृत हुन सकेको छैन ।

**नगर सभाका अध्यक्ष एवम् सदस्यहरुज्यू,**

अब म गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/८४ को योजना तर्जुमाका आधार र क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. बार्षिक योजना तथा बजेट तर्जुका मुख्य आधार नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड, संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रम, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरणसम्बन्धी निर्देशिका लगायतका अन्य प्रचलित कानुन, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना र स्रोत साधन, नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा सामाजिक नीति, सरकारको अन्तराष्ट्रिय प्रतिवद्धता/सन्धि संझौता, स्थानीय विविधता र विकासको अवस्थामा रहेको असमानता र स्थानीय सरकारको आन्तरिक स्रोतको सामर्थ्य रहेका छन् ।

२. यो बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकता आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने रहेका छन् ।

३. विकासको लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधारहरु खडा गर्ने, शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात गर्ने, गरीबी न्यूनीकरण तथा जनजीवीकामा टेवा पुऱ्याउने, समृद्ध नगर सुखी नगरवासीको अवस्था हासिल गर्ने उद्देश्यका साथ बजेट तर्जुमा गरिएको छ ।

**<u>पूर्वाधार विकास</u>**

४. नगर क्षेत्रमा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्न ४ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

५. शहरी विकास र पूर्वाधार विकासका योजना तथा कार्यक्रमका लागि रु. २६ करोड ४९ लाख ८१ हजार आन्तरिक श्रोतबाट विनियोजन गरेको छु ।

६. सम्झौता भई आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने योजनाको भुक्तानीको लागि रु. २० करोड विनियोजन गरेको छु ।

७. संघीय तथा प्रदेश सरकारतर्फको समपुरक कोष (Matching Fund) योजनाका लागि रु. ४ करोड विनियोजन गरेको छु ।बहुबर्षीय योजनाका लागि रु ४ करोड विनियोजन गरेको छु ।

८. नगरवासीलाई स्वच्छ खानेपानी व्यवस्थापन गर्न हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग साझेदारी कार्यक्रम लगायत खानेपानी व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमका लागि रु. १ करोड ९० लाख विनियोजन गरेको छु ।

९. नगरको वृहत्तर विकासमा महत्त्व राख्ने ठुला आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, अनुसन्धान तथा परामर्श एवम् आवधिक योजना निर्माण गरी परियोजना बैंक (Project Bank) का लागि रु. ५० लाख विनियोजन गरेको छु ।

१०. मानव सेवा आश्रमको दिगो व्यवस्थापनमा सहजताका लागि आश्रमको अक्षयकोषमा रु १ करोड २५ लाख विनियोजन गरेको छु।

११. विभिन्न पूर्वाधारको आकस्मिक मर्मत सम्भारका लागि मर्मत सम्भार कोषमा रु. २ करोड विनियोजन गरेको छु ।

१२. संघ तथा प्रदेश सरकारको लागत, सहयोग तथा समन्वयमा कर्रा करिडोर निर्माण र चक्रपथ सडक निर्माण निरन्तरताका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१३. सडक बोर्ड अन्तर्गतका योजनाका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

१४. सडक सुरक्षा प्रवर्धन कार्यक्रम र उज्यालो शहर सडकबत्ती व्यवस्थापनका लागि रु ९५ लाख विनियोजन गरेको छु ।प्रदेश सरकारको सशर्त अनुदान कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा सिसिटिभी क्यामेरा जडानका लागि रु ५३ लाख बजेट व्यवस्थापन गरिएको छ ।

१५. वडास्तरका योजनाका लागि ४८ करोड ४० लाख ६२ हजार बजेट विनियोजन गरेको छु ।

उल्लिखित आयोजना समेत पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, खेल मैदान उर्जा, सडक बत्ति, जल स्रोत, पर्यटन, भवन तथा आवास, सिँचाई लगायत नगर स्तरीय पूर्वाधार तर्फ रु. ६७ करोड १९ लाख ८१ हजार विनियोजन गरिएको छ । वडास्तरीय योजना तथा कार्यक्रमका लागि रु. ४८ करोड ४० लाख ६२ हजार बजेट विनियोजन गरेको छु।

## आर्थिक विकास

१६. कृषि विकासतर्फका उन्नत बालीको विउ तथा मिनिकिट खरिद, विषादी खरिद तथा वितरण, साना सिँचाइ कार्यक्रम, ल्याव सञ्चालन, कृषिमा युवा लक्षित कार्यक्रम, प्रादेशिक कृषि थोक बजार केन्द्र मर्मतऽ यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम, आकस्मिक बाली क्षतिपूर्ति कार्यक्रम, अदुवा बेसार, पिँडालु, सखरखण्ड तथा तरुल प्रवर्द्धन कार्यक्रम जस्ता कार्यक्रमका लागि प्रदेश तथा संघीय सशर्त अनुदान समेत गरी रु. ४ करोड १६ लाख बजेट विनियोजन गरिएको छ।

१७. मौसमी तथा बेमौसमी घाँस वितरण कार्यक्रम,आकस्मिक रोग नियन्त्रण कार्यक्रम,कृतिम गर्भाधान कार्यक्रम सेवा केन्द्रद्वारा नियमित सेवा सञ्चालन विभिन्न खोप खरिद,बङ्गुर प्रवर्धन कार्यक्रम,महिलासँग पशुपालन कार्यक्रम युवा लक्षित कार्यक्रम तथा गरिब विपन्न दलित तथा एकल महिला मिल्क एनलाईजर खरिद लगायतका पशु विकास तर्फका विविध कार्यक्रम तथा योजना सञ्चालन गर्न प्रदेश र संघीय सशर्त समेत गरी रु. ३ करोड २४ लाख बजेट विनियोजन गरिएको छ।

१८. उद्योग, वाणिज्य, सहकारीऽ श्रम तथा रोजगार तथा लघु उद्यम तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न संघीय सशर्त समेत गरी रु. १ करोड १९ लाख बजेट विनियोजन गरिएको छ।

१९. पर्यटन तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ५० लाख बजेट विनियोजन गरिएको छ।

२०. राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन क्षेत्रतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. १ करोड बजेट विनियोजन गरिएको छ।

उल्लिखित आयोजना समेत आर्थिक विकास क्षेत्रभित्रका संघीय तथा प्रदेश सशर्त र अन्तरिक श्रोतबाट चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि रु. १० करोड ३६ लाख विनियोजन गरिएको छ।

**सामाजिक विकास तर्फ**

**शिक्षा**

२१. वाल विकास केन्द्रमा कार्यरत सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई संघीय सरकारले उपलब्ध गराएको पारिश्रमिकमा थप गरिएको रकमलाई निरन्तरता दिन यसका लागि रु. २ करोड ५७ लाख विनियोजन गरेको छु ।

२२. महिला शिक्षक सुत्केरी भएका बखत पठनपाठन हुने सिकाइ नोक्सानीलाई न्यूनीकरण गर्न सिकाइ आपुरणका लागि आवश्यक रकम बजेट व्यवस्थापन गरेको छु ।

२३. नगरको शैक्षिक रुपान्तरण तथा विकासका लागि तयार भएको नगर शिक्षा नीति र योजनालाई प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२४. विद्यालयमा शिक्षकको अनुपस्थिति भएका बखत पठनपाठनमा हुने क्षति न्यूनीकरण गर्नका लागि "शिक्षक बैंक"को लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान एवम् व्यवस्थापन गर्दा विषयगत शिक्षक नपुग हुने भएमा सिकाइको आपूरणको प्रत्याभूतिको व्यवस्था मिलाइएको छ ।

२५. स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, अस्पताल तथा विद्यालय नर्सको परिचालनमार्फत सबै विद्यार्थीको स्वास्थ्य परीक्षण गर्ने प्रबन्धका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२६. बालबालिकालाई विद्यालय तथा उच्च शिक्षाको अवसरबाट वञ्चित हुन नदिन मेयर केयर कार्यक्रम (छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री) लाई निरन्तरता दिइएको छ ।

२७. गुणस्तरीय शिक्षाको व्यवस्था गर्न नगरको सहयोग र समन्वयमा विशिष्टीकृत मेघा विद्यालय संचालनका लागि आवश्यक पूर्वाधारका लागि बहुबर्षिय योजनाका लागि आवश्यक श्रोत व्यवस्था गरिएको छ ।

२८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (विशेष कार्यक्रम समेत) अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत बजेटबाट रु ५८ लाख विनियोजन गरिएको छ ।

२९. विद्यालयको बिजुली खानेपानी लगायतको प्रशासनिक खर्चका लागि अनुदान दिन र सामुदायिक विद्यालयको भौतिक सुदृढीकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०. प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान, सशर्त अनुदान संघीय सशर्त अनुदानबाट शिक्षा तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न कुल रु. ७९ करोड ६५ लाख २५ हजार र आन्तरिकतर्फ रु ४ करोड ५० लाख समेत गरी रु. ८४ करोड १५ लाख २५ हजार बजेट विनियोजन गरिएको छ।

**<u>स्वास्थ्य तर्फ</u>**

३१. “मेयरसँग जनता स्वास्थ्य कार्यक्रम” मार्फत विपन्न, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिला/पुरुष, आमा तथा बच्चाको स्वास्थ्य, प्रशामक सेवा (Paliative Care), पोषण कोशेली घर भेटघाट गर्ने (PNC Home Visit) कार्यक्रम, निशुल्क रक्त सेवा, जिरो होम डेलिभरी, स्वास्थ्य विमा, पाठेघर मुखको क्यान्सर, डाइलायसिस लगायतका सेवा सञ्चालनका लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु ।

३२. हटिया र पदमपोखरीमा सञ्चालित पालिका स्तरको अस्पतालको सेवा विस्तार तथा पूर्वाधार विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३३. विकट स्थानमा बसोबास गर्ने नगरवासीमा सहज स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न सम्बन्धित वडाको स्वास्थ्य संस्थामार्फत सेवा व्यवस्थापन हुने गरी आवश्यक प्रबन्ध मिलाइएको छ ।

३४. स्वास्थ्य तर्फका समग्र कार्यक्रम तथा योजना सञ्चालन गर्न प्रदेश सशर्त समेत गरी रु. ३ करोड ३० लाख बजेट विनियोजन गरिएको छ।

३५. आयुर्वेद सेवा कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, नर्सिंग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण, महामारी रोग नियन्त्रण कार्यक्रम, उपचारात्मक सेवा कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, लगायतका सघीय सशर्त कार्यक्रमका लागि ६ करोड ७७ लाख बजेट विनियोजन गरिएको छ ।

जनस्वास्थ्य तर्फका कार्यक्रम सञ्चालनका लागि संघीय तथा प्रदेश सशर्त र आन्तरिक श्रोतबाट कूल रु १२ करोड ५७ लाख बजेट विनियोजन गरिएको छ ।

**<u>युवा तथा खेलकुद</u>**

३६. अन्तर्राष्ट्रिय महिला फुटवल प्रतियोगिता, उपमेयर कप भलिवल प्रतियोगिता कार्यक्रम, मेयर कप फुटबल प्रतियोगिता, तथा विभिन्न खेल प्रतियोगिताका सञ्चालनका लागि रु.१ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण</u>**

३७. स्थानीय बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा तथा दीगोपना, अपाङ्गता भएका व्यक्तिका लागि कार्यक्रम हिंसा पिडीत महिलाका लागि अल्पकालीन सुरक्षा स्थल, टोल विकास संस्था परिचालन सामाजिक संघसंस्था सहकार्य, लक्षित वर्ग विकास कार्यक्रम, लैंगिक हिँसा तथा घरेलु हिंसा तथा विभेदविरुद्ध सचेतना कार्यक्रम, बालबालिका सम्बन्धी कार्यक्रम र जेष्ठ नागरिकका लागि रु २ करोड ७५ लाख विनियोजन गरेको छु ।

३८. संस्कृति प्रवर्द्धन तर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ५० लाख विनियोजन गरेको छु ।

३९. न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनका लागि रु. ७५ लाख विनियोजन गरेको छु ।

**<u>वातावरण तथा विपद व्यवस्थापन</u>**

४०. सफा हेटौंडा, जलवायु, वन तथा भूसंरक्षण, वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण र जल उत्पन्न प्रकोप नियन्त्रणतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न रु. ९५ लाख बजेट विनियोजन गरेको छु ।

४१. फोहर मैला व्यबस्थापन र ढल तथा नाला पूर्वाधारतर्फका योजना तथा कार्यक्रमका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

४२. बारूण यन्त्र सञ्चालन, व्यवस्थापन, सरसफाइ र फोहोरमैला व्यवस्थापन कर्मचारीलाई सवारी साधनको मर्मत तथा इन्धन लगायतका लागि रु. २ करोड १० लाख बजेट विनियोजन गरेको छु। उल्लिखित कार्यक्रम सहित वातावरण तथा विपद व्यवस्थापन एवम् सरसफाई र फोहर मैला व्यवस्थापनका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि रु. ३ करोड ५५ लाख बजेट विनियोजन गरिएको छ।

<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>

४३. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनको लागि रु. ४५ करोड बजेट विनियोजन गरिएको छ।

४४. संस्थागत क्षमता विकास, सुशासन प्रवर्द्धन, सेवा प्रवाह व्यवस्थापन, सूचना व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र व्यवस्थापन, अन्तर निकाय समन्वय, स्थानीय योजना तथा तथ्याङ्क, सामाजिक सुरक्षा र पञ्जिकरण व्यवस्थापन, सुरक्षा व्यवस्थापन, सुशासन पूर्वाधार लगायतका क्षेत्रसँग सम्बन्धित चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि सुशासन तथा संस्थागत विकासतर्फ रु.२ करोड ६५ लाख विनियोजन गरिएको छ ।

<u>अन्य विविध कोष</u>

४५. लैगिक हिंसा निवारण कोष बाल विकास कोष, वातावरण विकास कोष, मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, मानव संसाधन विकास कोष खर्च समेतका लागि कुल रु. ४ करोड ११ लाख विनियोजन गरिएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४६. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु २ अर्व ८५ करोड ५ लाख विनियोजन गरिएको छ ।

४७. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ५७ करोड ३६ लाख ८० हजार २७०, राजस्व बाँडफाँटबाट रु. ९९ करोड २० लाख ४८ हजार, प्रदेश सरकारको विभिन्न अनुदानबाट रु. १० करोड १ लाख ७२ हजार सङ्घीय सरकारको अनुदानबाट रु. १ अर्व १८ करोड ४६ लाखबाट व्यहोरिने छ ।

४८. यस नगरलाई नगरसभा पश्चात सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा लगायत अन्य कार्यक्रमको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले प्रस्तुत बजेटमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछु ।

**सभाका अध्यक्ष एवम सदस्यहरु**

प्रस्तावित बजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्य गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ता परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

नगरवासीको गुणस्तरीय सेवाप्रतिको बढ्दो आकांक्षालाई पूरागर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउँदै सरोकारवाला बिचको सहकार्य, समन्वय, सुझाव र सहमतिअनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढङ्का साथ स्रोत-साधन परिचालन गरी नगरवासीको सवैभन्दा नजिकको देखिने सरकार हो भन्ने मान्यतालाई स्थापित गरेर देखाउनु पर्नेछ । यसै सन्दर्भमा आगामी आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा क्षेत्रगत एवम् विषयगत विशेषज्ञता रहेका विषयगत महाशाखा, निजी क्षेत्र तथा सहकारीलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यान्वयन कार्य योजनासहित तोकिएको समयमै योजना सम्पन्न गर्न आवश्यक रहेको तथ्यतर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत बजेट तथा कार्यक्रम तयारी/प्रस्तुति गर्ने कार्य सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, विषयगत निकायका प्रमुख, राजनीतिक दलका पदाधिकारी, नगरसभाका सदस्य सबैको विचार हाम्रा लागि मार्गदर्शन हुनेछ । बजेट निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, गैर-सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी एवम् अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभामा प्रस्तुत बजेट तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन विधेयक, २०८३ तथा आर्थिक विधेयक, २०८३ लाई सम्मानित सभा समक्ष पेश गरेको छु।

अन्तमा, यस बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको यस क्षणमा यो गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु।